बाहिर गई उपचार गराउनु पर्ने भनि मेडिकल बोर्डबाट सिफारिस भएमा कार्यपालिका एक पटकमा एक वर्ष र नोकरी अवधिभरमा बढीमा तीन वर्षसम्म दिन सक्नेछ।

(१५) बेतलवी विदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

(१६) भैपरि आउने विदा, पर्व विदा, बिरामी विदा, किरिया विदा, प्रसूती व प्रसूति स्याहार बिदा बस्ने शिक्षक तथा कर्मचारीले पूरा तलव पाउनेछन्।

(१७) असाधारण र बेतलवी विदामा बसेको शिक्षकका कर्मचारीले तलब पाउने छैन।

(१८) यस नियम बमोजिमको असाधारण विदा अध्ययन बिदा र बेतलबी विदा वा अन्य विदा अस्थायी शिक्षक र राहत शिक्षकले समेत पाउनेछन्।

**६३. विदा दिने अधिकारी** : (१) प्रधानाध्यापकको विदा व्यवस्थापन समितिको अध्यक्ष र शिक्षक वा कर्मचारीको विदा

प्रधानाध्यापकले स्वीकृत गर्नेछ।

तर, एक पटकमा तीन दिनमा नबढाई पर्व वा भैपरी आउने विदा प्रधानाध्यापक आफैले लिन सो भन्दा बढी पर्व या भैपरी आउने बिदा लिनु परेमा प्रधानाध्यापकले व्यवस्थापन समितिको अध्यक्षलाई जानकारी दिनु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि शिक्षक वा कर्मचारीको सात दिन बढीको बिरामी तथा पर्व भैपरी आउने विदा व्यवस्थापन समितिको सिफारिसमा शिक्षा अधिकृतले स्वीकृत गर्नेछ। असाधारण विदा, बेतलबी विदा र अध्ययन विदा संघीय कानून बमोजिम हुनेछ ।[15]

**६४. बिदा नलिएको दिन सेवा अवधिमा गणना नहुनेः** शिक्षक वा कर्मचारी बिदा नलिई विद्यालयमा अनुपस्थित भएको

दिन निजको सेवा अवधिमा गणना हुने छैन।

**६५. अस्थायी शिक्षक वा कर्मचारीको विदाको रकम सम्बन्धमा** : (१) अस्थायी शिक्षक व कर्मचारीले वर्षे वा हिउँदे बिदा उपभोग गर्न नपाउँदै अवकाश पाएमा दश महिनालाई वार्षिक काम गरेको अवधि मानी दामासाहीले काम गरेको अवधिको बिदा रकम पाउनेछ।

(२) करार, राहत, बालशिक्षक, विद्यालय कर्मचारी, गाउँपालिकाबाट अनुदानमा राखिएका शिक्षकको सञ्चित विरामी विदाको रकम गाउँपालिकाले शिक्षक विदा रकम कोष स्थापना गरी सोबाट विदाको रकम उपलब्ध गराउनुपर्नेछ ।[16]

**६६. विदा सहुलियत मात्र हुनेः** विदा अधिकारको कुरा नभएर सहुलियत मात्र हुनेछ ।

**६७.काज तथा दैनिक भ्रमण भत्ताः** (१) विद्यालय सम्बन्धी कामको लागि गाउँ पालिकाको आदेशानुसार कुनै सभा, सम्मेलन वा सेमिनारमा खटिने शिक्षक वा कर्मचारीले सोही आदेशमा तोकेको अवधिसम्मको लागि काज पाउने छ ।

---

[15] पहिलो संशोधनद्वारा संशोधित ।

[16] पहिलो संशोधनद्वारा संशोधित ।

